Co. Regd. No.: 111548/069/70

NRB License No.: "Gha"/94/075/076

Microfinance

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको संस्था (राष्ट्रियस्तर)

च.नं. ६६०/०८२/८३

मिति: २०८२/१०/२२

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौं ।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
युनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाण्डौं ।

बिषय : आ.व.२०८२/०८३ को दोश्रो त्रैमासिक अपरिस्कृत वित्तीय विवरण सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा, यस वित्तीय संस्थाको आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासको अपरिष्कृत वित्तीय विवरण र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४ (नियम २६ को उपनियम १ संग सम्बन्धित) सम्बन्धी विवरण मिति २०८२/१०/२२ गतेको "अन्नपूर्ण" राष्ट्रिय दैनिक पत्रिकाको पेज नं. ६ मा प्रकाशित गरिएको व्यहोरा जानकारी गराउँदछौ । साथै, प्रकाशित विवरण यसै साथ संलग्न गरी पठाएको व्यहोरा समेत अनुरोध छ ।

भवदीय,

डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

Boosting Agriculture.... Thinking Food Security & Poverty Reduction

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Microfinance
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)
Boosting Agriculture..... Thinking Food Security & Poverty Reduction

केन्द्रीय कार्यालयः
बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल
फोन नं.: ०११-५९७०००
इमेलः samata@samata.org.np
वेबसाइटः www.samata.org.np

Unaudited Interim Financial Statement

As on Quarter Ended 30th Poush, 2082

Condensed Statement of Financial Position
As on Quarter Ended 30th Poush, 2082

Particulars	Amount in "000"	
	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalent	281,641.82	386,879.90
Statutory Balance and Due from Nepal Rastra Bank	27,455.25	25,455.25
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperative	-	-
Loans and Advances to Customers	6,003,726.97	5,496,644.14
Investment Securities	500.00	500.00
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	58,573.98	65,547.69
Goodwill and Intangible Assets	-	-
Deferred Tax Assets	7,249.55	7,249.55
Other Assets	26,253.98	27,346.63
Total Assets	**6,405,401.56**	**6,009,623.16**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	1,693,031.15	1,601,860.96
Borrowings	3,615,410.80	3,374,504.90
Current Tax Liabilities	4,391.32	8,199.36
Provisions	8,076.64	9,059.63
Deferred Tax Liabilities	-	-
Other Liabilities	187,936.84	173,460.38
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**5,508,846.75**	**5,167,085.23**
Equity		
Share Capital	660,504.14	629,051.56
Share Premium	-	-
Retained Earnings	69,734.34	46,305.88
Reserves	166,316.32	167,180.50
Total Equity	**896,554.81**	**842,537.94**
Total Liabilities and Equity	**6,405,401.56**	**6,009,623.16**

Condensed Statement of Profit and Loss
For the Quarter Ended 30th Poush, 2082

Particulars	Amount in "000"			
	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	198,545.20	393,392.72	146,185.52	282,029.36
Interest Expense	82,531.02	169,398.49	82,083.92	168,151.34
Net Interest Income	**116,014.18**	**223,994.23**	**64,101.60**	**113,878.02**
Fee and Commission Income	1,846.02	2,263.92	10,625.28	20,900.39
Fee and Commission Expense	-	-	430.00	430.00
Net Fee and Commission Income	**1,846.02**	**2,263.92**	**10,195.28**	**20,470.39**
Net Interest, Fee and Commisson Income	**117,860.20**	**226,258.15**	**74,296.88**	**134,348.41**
Net Trading Income	-	-	-	-
Other Operating Income	17,357.89	29,952.28	828.65	1,435.86
Total Operating Income	**135,218.09**	**256,210.43**	**75,125.53**	**135,784.26**
Impairment (Charge)/Reversal for Loans and Other Losses	(20,815.96)	(46,615.13)	1,064.91	(39,323.28)
Net Operating Income	**114,402.13**	**209,595.30**	**76,190.44**	**96,460.98**
Operating Expense				
Personnel Expenses	42,273.85	91,398.06	35,997.53	82,923.15
Other Operating Expenses	15,051.63	30,197.48	10,750.84	21,707.01
Depreciation & Amortization	4,476.47	7,233.40	3,789.79	7,514.58
Operating Profit	**52,600.18**	**80,766.35**	**25,652.28**	**(15,683.77)**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit Before Income Tax	**52,600.18**	**80,766.35**	**25,652.28**	**(15,683.77)**
Income Tax Expense				
Current Tax	(15,780.05)	(24,229.91)	-	-
Deferred Tax	-	-	-	-
Profit for the year	**36,820.13**	**56,536.45**	**25,652.28**	**(15,683.77)**

Condensed Statement of Comprehensive Income
For the Quarter Ended 30th Poush, 2082

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit for the Period	36,820.13	56,536.45	25,652.28	(15,683.77)
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**36,820.13**	**56,536.45**	**25,652.28**	**(15,683.77)**
Basic Earnings per Share		8.56		(2.62)
Annualized Basic Earnings per Share		17.12		(5.24)
Diluted Earnings per Share		17.12		(5.24)

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		12.54%		14.67%
Non-Performing Loan (NPL) to total Loan		13.32%		7.83%
Total Loan Loss Provision to Total NPL		25.86%		43.44%
Cost of Funds		6.38%		7.77%
Credit to Deposit and Borrowing Ratio		113.10%		108.01%
Base Rate		11.20%		12.95%
Interest Rate Spread		8.51%		7.11%

Details about the Distributable Profit

Particulars	Amount in "000"
Net profit or (loss) as per statement of profit or loss	**56,536.45**
Appropriations:	
a. General reserve	11,307.29
b. Foreign exchange fluctuation fund	-
c. Capital redemption reserve	-
d. Corporate social responsibility fund	565.36
e. Employees' training Fund	-
f. Client Protection Fund	1,130.73
g. Other	-
Profit or (loss) before regulatory adjustment	**43,533.06**
Regulatory adjustment	(6,306.47)
Net Profit for the Qtr end Poush, 2082 available for distribution	**37,226.59**
Opening Retained Earning as on Shrawan 1st, 2082	**46,305.87**
Adjustment (+/-)	-
Share Management Expenses	-
Distribution:	**-**
Bonus shares issued	31,452.58
Cash Dividend Paid	1,655.40
Total Distributable Profit/Loss as on Qtr end Poush, 2082	**50,424.49**
Annualised Distributable Profit/Loss per share	13.27

Notes:

1. The above financial Statement have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the institute of Chartered Accountants of Nepal (ICAN).
2. The Loans and Advance includes interest receivable and are presented net of impairment loss. The impairment loss has been provisioned based on the directives of the Nepal Rastra Bank (NRB).
3. Interest income has been considered on the basis of Guidance Note on Interest Income Recognition, 2025.
4. Personal Expenses also include provision for staff bonus which has been calculated in the line with the provision in Bonus Act.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. All lease contracts have been accounted for as per NFRS 16. Accordingly, Right of Use Assets and Lease Liabilities have been recognized along with Right of Use Assets being depreciated on straight line basis and interest calculated on lease liabilities.
7. The above figures are subject to change as per the direction of Regulators and/or External Auditors.
8. Adjustment related to NFRS has been transferred to Regulatory Reserve.

Interest Rate			
1. Deposit	**7.5%-10.25%**	**2. Loan & Advance**	**8%-14.72%**

धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को अनुसूची-१४ (नियम २६ को उप विनियम (१) सँग सम्बन्धित)

आ.व. २०८२/०८३ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी (बार्षिकमा)	**१७.१२**	**प्रति शेयर नेटवर्थ**	**१३५.७४**
तरलता अनुपात	**१४.८२%**	**मुल्य आम्दानी अनुपात**	**४५.२७**

२. व्यवस्थापकिय विश्लेषण :

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण :

समिक्षा अवधिमा लक्ष्य अनुसार व्यवसाय विस्तार, कुल वित्तीय मौज्दात र तरलता सन्तोषजनक नै रहेको साथै वित्तीय मुनाफामा समेत तुलनात्मक रुपमा सुधार भएको छ साथै समयानुकुल हुने सामान्य परिवर्तन बाहेक अन्य कुनै तात्विक परिवर्तन भएको छैन ।

ख. आगामी अवधिको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत संस्थागत बार्षिक नीति, कार्यक्रम तथा बजेट अनुरुप संस्थाको आर्थिक तथा प्रशासनिक क्रियाकलापहरु अघि बढिरहेको छ । आगामी अवधिमा थप गुणस्तरिय सेवा प्रदान गर्नुको साथै व्यवसायिक योजनाको विकास, लगानी क्षेत्रहरुको विविधिकरण तथा ग्राहकको चाहना बमोजिम वित्तीय सेवा तथा सुविधा शुरु गर्ने संस्थाको योजना रहेको छ ।

ग. विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्वन्धी विश्लेषणात्मक विवरण :

समिक्षा अवधिमा संस्थाले आवश्यक लगानी योग्य रकमको व्यवस्थापन सहज रुपमा गरेको छ । व्यापार व्यवसायहरुमा आएको संकुचन, पुँजी बजारमा आएको गिरावट तथा समग्र आर्थिक मन्दीले गर्दा ग्राहकको कर्जा तथा व्याज भुक्तानी गर्ने क्षमतामा ह्रास आई ऋण असुलीमा अपेक्षित प्रगती नहुँदा संस्थाको वित्तीय मुनाफामा असर पारेको देखिन्छ । यद्यपि, समिक्षा अवधिमा वित्तीय संस्थाले निष्क्रिय कर्जा असुलीमा सुधार गर्दै संस्थाको व्यवसायिक योजना अनुरुप सम्रग लक्ष्य प्राप्ति गर्ने तर्फ व्यवस्थापन पक्ष गम्भिर भई रणनीतिक योजना सहित अघि बढिरहेको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

समिक्षा अवधिमा कानूनी कारवाही सम्बन्धी कुनै किसिमको मुद्दा दायर भएको छैन ।

४. लघुवित्त वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :

क) धितोपत्र विनियम बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण गर्ने हुँदा यस सम्बन्धमा व्यवस्थापन पक्षको कुनै टिप्पणी छैन ।

ख) नेपाल स्टक एक्सचेन्ज लि. को वेवसाइट अनुसार यस त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोबार निम्न अनुसारले भएको देखिन्छ ।

अधिकतम मुल्य	न्यूनतम मूल्य	अन्तिम मुल्य	कारोबार भएको दिन	कारोबार संख्या	कारोबार शेयर संख्या
रु. ८७८	रु. ७६५	रु.७७५	५५	८,४८५	६,४२,७५४

५. समस्या तथा चुनौती :

- विविध कारणले कर्जाको किस्ता तथा पाकेको व्याज असुलीमा समस्या देखिएको र त्यसबाट निष्क्रिय कर्जा बढ्नका साथै कर्जा नोक्सानी व्यवस्थामा समेत वृद्धि हुँदा कर्जा जोखिम व्यवस्थापन चुनौतीपुर्ण हुने देखिएको छ ।
- लघुवित्त कार्यक्रम विरोधी समूहहरुले नियमित फिल्ड संचालनमा गरेको अराजक गतिविधि एवम् अवरोधले कार्यरत कर्मचारीहरुको मनोबलमा गिरावट आउनुको साथै दैनिक फिल्ड गतिविधिहरुको प्रभावकारी व्यवस्थापन चुनौतीपुर्ण देखिएको छ ।
- दक्ष एवम् नैतिकवान् जनशक्तिको अभावको कारण लघुवित्त कार्यक्रमको मर्म अनुरुप प्रभावकारी रुपमा संचालन गर्न थप चुनौति हुने देखिएको छ ।

यद्यपी, वित्तीय संस्थाले हाल देखिएको समस्या तथा चुनौतीहरुको शूक्ष्म अध्ययन गरि विद्यमान चुनौतीहरुलाई अवसरको रुपमा लिई वित्तीय संस्थाको समग्र सूचकहरुलाई सदैव सकारात्मक कायम राख्न वित्तीय संस्थाले आवश्यक रणनीतिक योजना सहित अघि बढिरहेको छ ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासनका लागि संस्था सदैव प्रतिवद्ध रहेको छ । संचालक समितिका काम कारवाहीहरु तथा संस्थाका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभुति गराउन संस्था सदैव क्रियाशील छ । संस्थाले संस्थागत सुशासन कायम गर्नको लागि नेपाल राष्ट्र बैक तथा अन्य नियमनकारी निकायद्धारा जारी गरिएको निर्देशनहरुको पूर्ण कार्यान्वयनको लागि सञ्चालक समितिले विभिन्न नीति तथा निर्देशिकाहरु तयार गर्ने र उक्त नीति तथा निर्देशिकाहरुलाई व्यवस्थापन पक्षले कार्यान्वयन गर्दै आईरहेको छ ।

७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

झिमरुककै चार उम्मेदवार

केशरराज क्षेत्री | *बुटवल*


सूर्य थापा


तिलकबहादुर जिसी


विमलप्रसाद पोखेल


गोविन्द गिरी

राजनीति उर्वरभूमिका रूपमा परिचित प्यूठानको झिमरुक गाउँपालिकाका चार जना उम्मेदवार चुनावी मैदानमा छन्। कम्युनिस्ट आन्दोलनको बिउ रोप्ने नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहको जन्मथलो पनि यही पालिका हो। वडा नम्बर ४ स्थित काउछेमा उनको कुनैबेला तलामाथि घोडा हिँड्ने कलात्मक घर अझै पनि छ।

प्यूठानमा सबैभन्दा ठूलो दल नेकपा (एमाले) र उक्त दलले उम्मेदवारका रूपमा अघि सारेका नेता सूर्य थापा झिमरुक-१ सौतामारे निवासी हुन्। फागुन २१ गते निर्धारित प्रतिनिधिसभा निर्वाचनमा सूर्यसँगको प्रतिस्पर्धामा अन्य १३ जना उम्मेदवार मैदानमा छन्। ०७९ को निर्वाचनमा थापाले प्यूठानमा पाँचदलीय गठबन्धनलाई पछि पार्दै जित हात पारेका थिए।

सबै दलको मतलाई हेर्दा करिब १८ हजारले पछि रहेका थापा ०७९ मा ४१ हजार १ सय १८ मत लिएर चुनाव जितेका थिए। प्रतिद्वन्द्वी राजमोकी दुर्गा पौडेलसँग ५ हजार ४ सय ४ मतान्तर भएको थियो। ५१ वर्षीय थापाले करिब ३१ वर्ष नेपाली पत्रकारितामा सक्रिय भएर राजनीतिमा होमिएका हुन्।

झिमरुकबाटै चुनाव लडेका अर्का उम्मेदवार हुन्, तिलकबहादुर जिसी। उनी झिमरुक गाउँपालिका ४ निवासी हुन्। जिसी पहिलोपटक संघीय सांसद् लड्दै छन्। झिमरुक गाउँपालिकाको संस्थापक गाउँपालिका अध्यक्षसमेत रहेका उनी झिमरुको नेतृत्व गर्दा विवादरहित काम गरेको अनुभव छ।

उनी नेकपा (मसाल) का लुम्बिनी प्रदेश प्रवक्ता हुन्। ०५४ सालमा तत्कालीन बांगेमरोठ गाविसको अध्यक्षसमेत भइसकेका जिसीसँग राज्यका निकायहरूसँग काम गरेको अनुभव छ। उनको नेतृत्वमा झिमरुक गाउँपालिका लुम्बिनीको पहिलो र देशकै सातौं बेरुजु कम गर्ने पालिकाको रूपमा पहिचान बनाएको थियो। मसालको चुनावी मोर्चा राष्ट्रिय जनमोर्चा हो। ५९ वर्षीय जिसीले आईएल उत्तीर्ण गरेका छन्। यसै वर्ष नयाँ दलको स्थापना गरेर पहिलोपटक संसदीय यात्राको प्रतिस्पर्धामा भिडेका विमलप्रसाद पोखेल झिमरुक गाउँपालिका १ निवासी हुन्। नेपाली जनता दल स्थापना उनकै अगुवाइमा भएको हो। उनी त्यस पार्टीको केन्द्रीय सचिव हुन्। देशको अस्तव्यस्त राजनीति र कानुनी लडाइँमा उनी देशमै अग्रणी भागमा देखिन्छन्।

हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीबाट प्यूठानमा गोविन्द गिरी चुनावी मैदानमा होमिएका छन्। एमाले छाडेर उनी केही समय खाली बसे र हर्क साम्पाङलाई भेट्न धरान पुगे। त्यहीबाट उनी पार्टीमा प्रवेश गरेका छन्। अहिले उक्त पार्टीको लुम्बिनी प्रदेश प्रवक्ताको उनले जिम्मेवारी पाएका छन्।

कुनैबेला आफूलाई एमाले ब्रान्ड बनाएका गिरी लामो समय पारिवारिक समस्याले गर्दा राजनीतिमा निष्क्रिय भएर बसेका थिए। तर, गिरीको प्यूठानमा अहिलेको श्रम संस्कृति पार्टीप्रतिको आकर्षण र संगठन विस्तार निकै कमजोर छ। ५२ वर्षीय गिरीले आईएसम्मको पढाइ पूरा गरेका छन्। उनी झिमरुक ८ निवासी हुन्।

निर्वाचन सुरक्षाका लागि सेना परिचालन

विमानस्थल, कारागारलगायत महत्वपूर्ण संरचना सेनाको जिम्मामा

अजवी पौड्याल | *काठमाडौं*

फागुन २१ निर्धारित निर्वाचन सुरक्षार्थ देशभर सेना परिचालन गरिएको छ। एकीकृत निर्वाचन सुरक्षा योजनामा उल्लेख भएअनुसार, देशैभर करिब ८० हजार सेना परिचालन भएको नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले बुधबार बिहानैदेखि देशैभर सेना परिचालन भएको बताएका छन्।

बुधबार बिहानैदेखि सहरका मुख्य मुख्य चोक, आकासेपुल तथा मुख्य सडकहरूमा नेपाली सेना खटिएका देखिन्थे। बुधबारबाट नै कारागार र विमानस्थलमा पनि सेना परिचालन भएका छन्। सेना प्रवक्ता बस्नेत भन्छन्, संगठनका सबै सेना विभिन्न काम र जिम्मेवारीसहित निर्वाचन सुरक्षार्थ परिचालन भएका छन्। विमानस्थल र कारागारमा जिम्मेवारी बुझाउने काम भइरहेको छ। यसका साथै सशस्त्र प्रहरी बल र नेपाल प्रहरीसँग मिलेर संयुक्त रूपमा गस्ती पनि सुरु भएको छ।

बुधबार देखिसशस्त्र प्रहरीर प्रहरीले सुरक्षा दिइरहेका सरकारी कार्यालय, विभिन्न संस्थान, महत्त्वपूर्ण निकायलगायत संघसंस्था सेनाले जिम्मा लिएको छ। प्रहरी र सशस्त्र प्रहरीलाई निर्वाचनमा खटाउनुपर्ने भएकाले यी संरचनाको सुरक्षा नेपाली सेनाले लिएको हो। प्रतिनिधिसभा निर्वाचन सुरक्षाका लागि नेपाली सेनालाई एक महिनाअघिबाट परिचालन गर्ने तयारी अनुसार बुधबारबाट सेनालाई फिल्डमा उतारिएको हो। सरकारले निर्वाचन सुरक्षार्थ सेनाको ७९ हजार ७२७ फौजलाई परिचालन गर्ने निर्णय गरेको थियो। सार्वजनिक भवन, कारागार तथा अन्य स्थानमा पनि सेनाले सुरक्षा गर्नेछ।

सशस्त्र प्रहरी बल नेपालको ३४ हजार बढी परिचालन

नेपाली सेना, नेपाल प्रहरी सँगै निर्वाचन सुरक्षा लक्षित योजना नै बनाएर ३४ हजार ५७६ सशस्त्र प्रहरी बल पनि परिचालन भएको छ। सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाका अनुसार निर्वाचन सुरक्षा लक्षित गस्ती, प्रटोलिङ र सिमामा कडाइ, रेगुलर चेकजाच लगायत का कार्यक्रम बढाइएको छ। नियमित गस्ती संख्या र प्रटोलीङबाट निगरानी गरिएको छ।

गत कात्तिकमा राजनीतिक दलले निर्वाचनमा सहभागिताका लागि सुरक्षाको प्रत्याभूति हुनुपर्ने सर्त राखिरहँदा निर्वाचन आयोगले सुरक्षाको वातावरण सुनिश्चित गर्न नेपाली सेनासहित चारवटै सुरक्षा निकाय संयुक्त परिचालन गरिनुपर्ने आग्रह गरेका थिए। निर्वाचन आयोगको उच्चस्तरीय सुरक्षा समितिको बैठकले सिफारिस गरेपछि ११ मंसिरमा राष्ट्रपति रामचन्द्र पौडेलले सेना परिचालनका लागि स्वीकृति दिएका थिए। आगामी निर्वाचनमा चारै सुरक्षा निकाय र निर्वाचन प्रहरी गरी तीन लाख ३७ हजार ९११ सुरक्षाकर्मी परिचालन हुनेछन्। गृह मन्त्रालयले प्रवक्ता आनन्द काफ्लेका अनुसार निर्वाचनको सबै तयारी पूरा भएको छ। निर्वाचनलाई भयरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सरकार प्रतिबद्ध छ।

नेपाल प्रहरीका ७५ हजार ५९७ प्रहरी परिचालन

निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरीको करिब ७६ हजार प्रहरी फिल्डमा पुगसिकेका छन्। नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेका अनुसार निर्वाचन लक्षित सुरक्षा तयारीका लागि प्रहरीले विशेष टोली नै गठन गरेर काम गरिरहेको छ। महत्त्वपूर्ण संरचनाको सुरक्षामा रहेका प्रहरीलाई निर्वाचन तयारीको विभिन्न काममा खटाएर त्यहाको सुरक्षाका लागि नेपाली सेनालाई जिम्मा दिइएको छ।

प्रहरी मातहत रहने गरी एक लाख ३३ हजार ९८० निर्वाचन प्रहरी परिचालन हुनेछन्। सशस्त्र प्रहरी मातहत रहने गरी १५ हजार ११० निर्वाचन प्रहरी परिचालन हुने छन्। निर्वाचनका लागि १ हजार ९२१ गुप्तचर पनि निर्वाचन सुरक्षामा खटिने छन्।

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Microfinance
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)
Boosting Agriculture..... Thinking Food Security & Poverty Reduction

केन्द्रीय कार्यालयः
बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल
फोन नं.: ०११-५९७०००
इमेलः samata@samata.org.np
वेबसाइटः www.samata.org.np

Unaudited Interim Financial Statement
As on Quarter Ended 30th Poush, 2082

Condensed Statement of Financial Position
As on Quarter Ended 30th Poush, 2082

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
	Amount in "000"	
Assets		
Cash and Cash Equivalent	281,641.82	386,879.90
Statutory Balance and Due from Nepal Rastra Bank	27,455.25	25,455.25
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperative	-	-
Loans and Advances to Customers	6,003,726.97	5,496,644.14
Investment Securities	500.00	500.00
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	58,573.98	65,547.69
Goodwill and Intangible Assets	-	-
Deferred Tax Assets	7,249.55	7,249.55
Other Assets	26,253.98	27,346.63
Total Assets	**6,405,401.56**	**6,009,623.16**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	1,693,031.15	1,601,860.96
Borrowings	3,615,410.80	3,374,504.90
Current Tax Liabilities	4,391.32	8,199.36
Provisions	8,076.64	9,059.63
Deferred Tax Liabilities	-	-
Other Liabilities	187,936.84	173,460.38
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**5,508,846.75**	**5,167,085.23**
Equity		
Share Capital	660,504.14	629,051.56
Share Premium	-	-
Retained Earnings	69,734.34	46,305.88
Reserves	166,316.32	167,180.50
Total Equity	**896,554.81**	**842,537.94**
Total Liabilities and Equity	**6,405,401.56**	**6,009,623.16**

Condensed Statement of Profit and Loss
For the Quarter Ended 30th Poush, 2082

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
	Amount in "000"			
Interest Income	198,545.20	393,392.72	146,185.52	282,029.36
Interest Expense	82,531.02	169,398.49	82,083.92	168,151.34
Net Interest Income	**116,014.18**	**223,994.23**	**64,101.60**	**113,878.02**
Fee and Commission Income	1,846.02	2,263.92	10,625.28	20,900.39
Fee and Commission Expense	-	-	430.00	430.00
Net Fee and Commission Income	**1,846.02**	**2,263.92**	**10,195.28**	**20,470.39**
Net Interest, Fee and Commisson Income	**117,860.20**	**226,258.15**	**74,296.88**	**134,348.41**
Net Trading Income	-	-	-	-
Other Operating Income	17,357.89	29,952.28	828.65	1,435.86
Total Operating Income	**135,218.09**	**256,210.43**	**75,125.53**	**135,784.26**
Impairment (Charge)/Reversal for Loans and Other Losses	(20,815.96)	(46,615.13)	1,064.91	(39,323.28)
Net Operating Income	**114,402.13**	**209,595.30**	**76,190.44**	**96,460.98**
Operating Expense				
Personnel Expenses	42,273.85	91,398.06	35,997.53	82,923.15
Other Operating Expenses	15,051.63	30,197.48	10,750.84	21,707.01
Depreciation & Amortization	4,476.47	7,233.40	3,789.79	7,514.58
Operating Profit	**52,600.18**	**80,766.35**	**25,652.28**	**(15,683.77)**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit Before Income Tax	**52,600.18**	**80,766.35**	**25,652.28**	**(15,683.77)**
Income Tax Expense				
Current Tax	(15,780.05)	(24,229.91)	-	-
Deferred Tax	-	-	-	-
Profit for the year	**36,820.13**	**56,536.45**	**25,652.28**	**(15,683.77)**

Condensed Statement of Comprehensive Income
For the Quarter Ended 30th Poush, 2082

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit for the Period	36,820.13	56,536.45	25,652.28	(15,683.77)
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**36,820.13**	**56,536.45**	**25,652.28**	**(15,683.77)**
Basic Earnings per Share		8.56		(2.62)
Annualized Basic Earnings per Share		17.12		(5.24)
Diluted Earnings per Share		17.12		(5.24)

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		12.54%		14.67%
Non-Performing Loan (NPL) to total Loan		13.32%		7.83%
Total Loan Loss Provision to Total NPL		25.86%		43.44%
Cost of Funds		6.38%		7.77%
Credit to Deposit and Borrowing Ratio		113.10%		108.01%
Base Rate		11.20%		12.95%
Interest Rate Spread		8.51%		7.11%

Details about the Distributable Profit

Particulars	Amount in "000"
Net profit or (loss) as per statement of profit or loss	**56,536.45**
Appropriations:	
a. General reserve	11,307.29
b. Foreign exchange fluctuation fund	-
c. Capital redemption reserve	-
d. Corporate social responsibility fund	565.36
e. Employees' training Fund	-
f. Client Protection Fund	1,130.73
g. Other	-
Profit or (loss) before regulatory adjustment	**43,533.06**
Regulatory adjustment	(6,306.47)
Net Profit for the Qtr end Poush, 2082 available for distribution	**37,226.59**
Opening Retained Earning as on Shrawan 1st, 2082	**46,305.87**
Adjustment (+/-)	-
Share Management Expenses	-
Distribution:	**-**
Bonus shares issued	31,452.58
Cash Dividend Paid	1,655.40
Total Distributable Profit/Loss as on Qtr end Poush, 2082	**50,424.49**
Annualised Distributable Profit/Loss per share	13.27

Notes:
1. The above financial Statement have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the institute of Chartered Accountants of Nepal (ICAN).
2. The Loans and Advance includes interest receivable and are presented net of impairment loss. The impairment loss has been provisioned based on the directives of the Nepal Rastra Bank (NRB).
3. Interest income has been considered on the basis of Guidance Note on Interest Income Recognition, 2025.
4. Personal Expenses also include provision for staff bonus which has been calculated in the line with the provision in Bonus Act.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. All lease contracts have been accounted for as per NFRS 16. Accordingly, Right of Use Assets and Lease Liabilities have been recognized along with Right of Use Assets being depreciated on straight line basis and interest calculated on lease liabilities.
7. The above figures are subject to change as per the direction of Regulators and/or External Auditors.
8. Adjustment related to NFRS has been transferred to Regulatory Reserve.

Interest Rate			
1. Deposit	7.5%-10.25%	2. Loan & Advance	8%-14.72%

धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को अनुसूची-१४ (नियम ३६ को उप विनियम (१) सँग सम्बन्धित)

आ.व. २०८२/०८३ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण** :
क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ।
ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी (बार्षिकमा)	१७.१२	प्रति शेयर नेटवर्थ	१३५.७४
तरलता अनुपात	१४.८२%	मुल्य आम्दानी अनुपात	४५.२७

२. **व्यवस्थापकिय विश्लेषण** :
क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्वन्धी विवरण :
समिक्षा अवधिमा लक्ष्य अनुसार व्यवसाय विस्तार, कुल वित्तीय मौज्दात र तरलता सन्तोषजनक नै रहेको साथै वित्तीय मुनाफामा समेत तुलनात्मक रुपमा सुधार भएको छ साथै समयानुकुल हुने सामान्य परिवर्तन बाहेक अन्य कुनै तात्विक परिवर्तन भएको छैन ।
ख. आगामी अवधिको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :
आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत संस्थागत बार्षिक नीति, कार्यक्रम तथा बजेट अनुरुप संस्थाको आर्थिक तथा प्रशासनिक क्रियाकलापहरु अघि बढिरहेको छ। आगामी अवधिमा थप गुणस्तरिय सेवा प्रदान गर्नुको साथै व्यवसायिक योजनाको विकास, लगानी क्षेत्रहरुको विविधिकरण तथा ग्राहकको चाहना बमोजिम वित्तीय सेवा तथा सुविधा शुरु गर्ने संस्थाको योजना रहेको छ ।
ग. विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्वन्धी विश्लेषणात्मक विवरण :
समिक्षा अवधिमा संस्थाले आवश्यक लगानी योग्य रकमको व्यवस्थापन सहज रुपमा गरेको छ। व्यापार व्यवसायहरुमा आएको संकुचन, पुँजी बजारमा आएको गिरावट तथा समग्र आर्थिक मन्दीले गर्दा ग्राहकको कर्जा तथा व्याज भुक्तानी गर्ने क्षमतामा ह्रास आई ऋण असुलीमा अपेक्षित प्रगती नहुँदा संस्थाको वित्तीय मुनाफामा असर पारेको देखिन्छ। यद्यपि, समिक्षा अवधिमा वित्तीय संस्थाले निष्क्रिय कर्जा असुलीमा सुधार गर्दै संस्थाको व्यवसायिक योजना अनुरुप समग्र लक्ष्य प्राप्ति गर्ने तर्फ व्यवस्थापन पक्ष गम्भिर भई रणनीतिक योजना सहित अघि बढिरहेको छ।
३. **कानूनी कारवाही सम्बन्धी विवरण** :
समिक्षा अवधिमा कानूनी कारवाही सम्बन्धी कुनै किसिमको मुद्दा दायर भएको छैन ।
४. **लघुवित्त वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण** :
क) धितोपत्र विनियम बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण गर्ने हुँदा यस सम्बन्धमा व्यवस्थापन पक्षको कुनै टिप्पणी छैन ।
ख) नेपाल स्टक एक्सचेन्ज लि. को वेवसाइट अनुसार यस त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोबार निम्न अनुसारले भएको देखिन्छ ।

अधिकतम मुल्य	न्यूनतम मूल्य	अन्तिम मुल्य	कारोबार भएको दिन	कारोबार संख्या	कारोबार शेयर संख्या
रु. ८७८	रु. ७६५	रु.७७५	५५	८,४८५	६,४२,७५४

५. **समस्या तथा चुनौती** :
- विविध कारणले कर्जाको किस्ता तथा पाकेको व्याज असुलीमा समस्या देखिएको र त्यसबाट निष्क्रिय कर्जा बढ्नका साथै कर्जा नोक्सानी व्यवस्थामा समेत बृद्धि हुँदा कर्जा जोखिम व्यवस्थापन चुनौतीपुर्ण हुने देखिएको छ।
- लघुवित्त कार्यक्रम विरोधी समूहहरुले नियमित फिल्ड संचालनमा गरेको अराजक गतिविधि एवम् अवरोधले कार्यरत कर्मचारीहरुको मनोबलमा गिरावट आउनुको साथै दैनिक फिल्ड गतिविधिहरुको प्रभावकारी व्यवस्थापन चुनौतीपुर्ण देखिएको छ।
- दक्ष एवम् नैतिकवान् जनशक्तिको अभावको कारण लघुवित्त कार्यक्रमको मर्म अनुरुप प्रभावकारी रुपमा संचालन गर्न थप चुनौति हुने देखिएको छ।
यद्यपी, वित्तीय संस्थाले हाल देखिएको समस्या तथा चुनौतीहरुको शुक्ष्म अध्ययन गरि विद्यमान चुनौतीहरुलाई अवसरको रुपमा लिई वित्तीय संस्थाको समग्र सूचकहरुलाई सदैव सकारात्मक कायम राख्न वित्तीय संस्थाले आवश्यक रणनीतिक योजना सहित अघि बढिरहेको छ।
६. **संस्थागत सुशासन** :
संस्थागत सुशासनका लागि संस्था सदैव प्रतिवद्ध रहेको छ। संचालक समितिका काम कारवाहीहरु तथा संस्थाका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभुति गराउन संस्था सदैव क्रियाशील छ। संस्थाले संस्थागत सुशासन कायम गर्नको लागि नेपाल राष्ट्र बैक तथा अन्य नियमनकारी निकायद्वारा जारी गरिएको निर्देशनहरुको पूर्ण कार्यान्वयनको लागि सञ्चालक समितिले विभिन्न नीति तथा निर्देशिकाहरु तयार गर्ने र उक्त नीति तथा निर्देशिकाहरुलाई व्यवस्थापन पक्षले कार्यान्वयन गर्दै आईरहेको छ।
७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :
आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

दोलखामा...

- कांग्रेसले युवा र नयाँ अनुहार अजयबाबु शिवाकोटीलाई उम्मेदवार बनाएको छ।
- एमालेका पार्वत गुरुङ पुनः उम्मेदवार भए पनि जिल्ला पार्टीभित्र असन्तुष्टि र विवाद देखिएको छ।
- सुरक्षा संवेदनशील दोलखामा कडा तयारी, प्रतिस्पर्धा रोचक हुने संकेत।
- दोलखा सुरक्षादृष्टिले संवेदनशील जिल्ला, प्रशासनद्वारा शान्तिपूर्ण मतदानका लागि कडा सुरक्षा तयारी।

२०७९ सालको स्थानीय तह निर्वाचनको नतिजाले दोलखामा कुनै पनि दल पूर्ण रूपमा सुरक्षित अवस्थामा नरहेको स्पष्ट सन्देश दिएको थियो। भीमेश्वर नगरपालिका, बैतेश्वर गाउँपालिका र कालिञ्चोक गाउँपालिका कांग्रेसले, जिरी नगरपालिका र मेलुङ गाउँपालिका एमालेले, गौरीशंकर, शैलुङ र बिगु गाउँपालिका माओवादी केन्द्रले जितेका थिए भने तामाकोशी गाउँपालिका नेकपा एकीकृत समाजवादीले आफ्नो पक्षमा पारेको थियो। यो परिणामले दोलखाको मतदाता व्यवहारलाई स्पष्ट पार्छ कि यहाँ मत स्थायी होइन, परिवर्तनशील छ। उम्मेदवार, मुद्दा र समसामयिक राजनीतिक परिस्थितिले मतदाताको निर्णयलाई प्रभाव पार्ने गरेको देखिन्छ।

कांग्रेसमा नयाँ अनुहार

कांग्रेसले यसपटक नयाँ उम्मेदवार अजयबाबु शिवाकोटीलाई मैदानमा उतारेको छ। पत्रकारिता पृष्ठभूमिबाट आएका शिवाकोटी कांग्रेसको १४औं महाधिवेशनबाट खुला केन्द्रीय सदस्यमा निर्वाचित भइसकेका छन्। उनले आफूलाई 'जनतासँग नजिकको उम्मेदवार'का रूपमा प्रस्तुत गरिरहेका छन्। कांग्रेसभित्र युवा पुस्ताका उम्मेदवारका रूपमा शिवाकोटी देखिएका छन्। कांग्रेस नेतृत्वले फागुन ४ गतेपछि औपचारिक चुनावी कार्यक्रम सुरु गर्ने जनाएको छ।

एमालेमा पुरानै अनुहार

एमालेले यसपटक पुरानै अनुहारा पार्वत गुरुङलाई उम्मेदवार बनाएको छ। गुरुङले २०७० र २०७४ सालमा दोलखाबाट प्रतिनिधिसभा निर्वाचन जितेर संसद्मा दोलखाको प्रतिनिधित्व गरिसकेका छन्। दोलखामा चुनाव जित्न मुठभेडमा उत्रिनुपर्ने, गुण्डागर्दी गर्नुपर्ने जस्ता भाष्य एमाले जिल्ला तहबाटै सुरुमै उठेकाले पार्वतको उम्मेदवारी सुरुमै विवादमा पऱ्यो। जिल्ला कमिटीकै दर्जन बढी नेताले राजीनामा दिइसकेका छन् भने एक मात्र उम्मेदवारको नाम सिफारिस गराउने नाममा गुरुङले गरेको ढिपीले पार्टीको जिल्ला संरचना खल्बिलिएको छ।

एमालेलाई यसपटकको चुनाव सहज भने छैन। पार्टीभित्रको आन्तरिक असन्तुष्टि र बदलिँदो राजनीतिक वातावरण गुरुङका लागि चुनौती बनेको छ। यसअघि मन्त्री बनिसक्दा पनि जिल्लाले के पायो भनेर मतदाताले उठाएको प्रश्नलाई गुरुङले सामना गर्नुपर्ने अवस्था छ।

जिल्लाको उत्तरी भेगमा खासगरी अदृश्य किसिमले निर्माण गरेका हाइड्रो, जडिबुटी उद्योगलगायतमा पुराना अनुहारले अन्य भेगमा भेदभाव गरेको भन्दै यसअघि नै आलोचना बढाएको थियो। एमालेले माघ २३ देखि कमिटी बैठक, अगुवा कार्यकर्ता भेला र घरदैलो अभियान सञ्चालन गर्दै संगठनलाई एकताबद्ध गर्ने प्रयास गरिरहेको छ।

नेपाली कम्युनिस्ट पार्टीबाट विशाल खड्का

नेपाली कम्युनिस्ट पार्टीबाट उम्मेदवार बनेका विशाल खड्का २०७४ सालमा प्रदेशसभा सदस्य निर्वाचित भइसकेका छन्। उक्त पार्टी दोलखाको केही स्थानीय तहमा बलियो आधार भएको दल हो। खड्का कांग्रेस र एमालेभित्र देखिएको असन्तुष्टि र मत विभाजनलाई आफ्नो पक्षमा पार्ने रणनीतिक दाउमा छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी: नयाँ विकल्पको खोजी

राष्ट्रिय स्वतन्त्र पार्टीबाट जगदीश खरेल उम्मेदवार बनेका छन्। उनी २०७९ को निर्वाचनमा पनि उम्मेदवार थिए। पछिल्लो समयको राजनीतिक विश्लेषणले दोलखामा रास्वपाप्रति आकर्षण बढ्दो देखाएको छ। विशेष गरी युवा र वैदेशिक रोजगारसँग जोडिएका परिवारबीच रास्वपाको एजेन्डाप्रति आकर्षण बढ्दै गएको देखिन्छ।

परम्परागत दलप्रति असन्तुष्ट मतदाताको मत रास्वपातर्फ मोडिन सक्ने सम्भावनालाई बेवास्ता गर्न सकिँदैन। रास्वपाका जगदीश खरेल अघिल्लो निर्वाचनमा पनि मैदानमा रहेकाले उनी दोलखाका मतदाताका लागि नयाँ अनुहार होइनन्। यसपटक उनी संगठन विस्तार, स्रोतसाधनको प्रभावकारी प्रयोग र प्रत्यक्ष संवादमार्फत मतदातासँग नजिकिन खोजिरहेका छन्।

ठूला सभा र भडकला कार्यक्रमभन्दा पनि घरदैलो र सानो जमघटलाई प्राथमिकता दिने रास्वपाले जनाएको छ। रास्वपाको संगठनात्मक संरचना परम्परागत दलजस्तो बलियो नभए पनि मतदाताको मौन समर्थन पाउने सम्भावनालाई प्रबल मान्न सकिन्छ।

सुरक्षा, व्यवस्थापन र संवेदनशीलता

भौगोलिक अवस्था र विगतका घटनाका कारण दोलखा सधैं सुरक्षा दृष्टिकोणले संवेदनशील जिल्ला मानिँदै आएको छ। यसपटक सुरक्षा तथा व्यवस्थापकीय तयारी तीव्र बनाइएको जिल्ला प्रशासन कार्यालय दोलखाले जनाएको छ। शान्तिपूर्ण मतदान सुनिश्चित गर्न सुरक्षाकर्मी परिचालन, निगरानी र समन्वयमा विशेष ध्यान दिइएको छ।

समग्रमा दोलखाको निर्वाचन पुराना दलको संगठनात्मक शक्ति र नयाँ राजनीतिक शक्तिको उदयबीचको प्रतिस्पर्धा बनेको छ। विगतको परिणाम, वर्तमान अंकगणित र जनमतको बदलिँदो धारले गर्दा अहिले नै कसले बाजी मार्ला भन्ने ठोकुवा गर्न सकिने अवस्था छैन। यद्यपि एउटा कुरा निश्चित छ : दोलखामा फागुन २१ को निर्वाचन अन्तिम मत गणनासम्म रोचक बन्नेछ